# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०१/२० गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

-------------------------------------------------------------------

जिल्ला रसुवा, नौकुण्ड गाउँपालिका वडा नं. १ र २ को कार्यालयको संयुक्त जिम्मेवारी निर्वाह गर्दै आएका वडा सचिव राजेन्द्र कुमार आचार्य र सोहि कार्यालयका कार्यालय सहयोगी (करार) श्लोक लामाले स्थानिय बासिन्दाहरुलाई केरुङ नाका भई चीन प्रवेशका लागि अध्यागमन कार्यालयबाट प्रवेशाज्ञा लिने प्रयोजनार्थ आवश्यक पर्ने सिफारिसको लागि सेवाग्राहीहरुसंग रु.४,५०,०००।- (अक्षरुपी चार लाख पचास हजार) घुस रिसवत माग गरि रहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिई गएको टोलीले निज वडा सचिव राजेन्द्र कुमार आचार्यलाई सेवाग्राहीबाट रू.१,३०,०००।- (अक्षरुपी एक लाख तिस हजार) र कार्यालय सहयोगी श्लोक लामालाई रू.३,२०,०००।- (अक्षरुपी तिन लाख बिस हजार) घुस लिंदै गरेको अवस्थामा धुन्चे स्थित गोसाईकुण्ड गाँउपालिका, वडा नं. ६ को कार्यालयबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भईरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता